# ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### सैनवार, बर्दिया
५ नं. प्रदेश

**E-Bidding मार्फत एम्बुलेन्स खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशन मिति: २०७५/११/२२ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेखित एम्बुलेन्स E-Bidding मार्फत खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयभित्र बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिने छ।

३) सूचना प्रकाशित भएको मितिले ३१ औं दिन १२:०० बजे भित्र बोलपत्र फारमसाथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादन कम्पनीको नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधन गरिएको Manufacturer's Authorization Letter को प्रमाणित प्रतिलिपी तथा अन्यको हकमा नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) बाट स्थानीय एजेण्टलाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको पत्र, Bid Submission Form, बोलपत्र दस्तुर वापतको रकमको यस कार्यालयमा जम्मा गरेको राजस्व नगदी रसिद वा यस कार्यालयको NIC Asia Bank Limited, भुरिगाउँ, बर्दियामा रहेको धरौटी खाता नं G1CA052388852404 मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम NIC Asia Bank Limited, भुरिगाउँ, बर्दियामा रहेको राजश्व खाता नं. G1CA052388852405 शिर्षक नं.14229 (रकम फिर्ता नहुने गरी) मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैङ्कबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी कम्तीमा १२० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) हरु सहितका कागजातहरु Scanning गरी तोकिएका Format मा बोलपत्र साथ Upload गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ।

४) बोलपत्रदाता बोलपत्र दाखिला गर्दा बोलपत्र फारमको Evaluation & Qualification Criteria मा उल्लेख भएका कागजातहरु समेत अनिवार्य रुपमा Upload गर्नुपर्नेछ। उक्त कागजातहरु पेश नगर्ने बोलपत्रदाताहरुको बोलपत्रलाई मान्यता दिईने छैन।

५) कार्यालयले Hard Copy बोलपत्र उपलब्ध गराउने छैन एवं कुनै बोलपत्रदाताले Download गरी Hard Copy दाखिला गर्न आएमा त्यस्तो बोलपत्रलाई कार्यालयले स्वीकार गर्नेछैन।

६) सम्झौता गर्न आउदाँ बोलपत्रदाताले अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ।

७) दर्ता हुन आएका बोलपत्र फारमहरु दर्ता गर्ने अन्तिम मितिमा दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८) प्राप्तबोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१०)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

११) अन्यथप केही कुराहरु बुझ्नु परेमा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्रफोन नं. ०८४-४०३१९६ मा सम्पर्क गर्न सकिने छ ।

| **ठेक्का नं.** | **विवरण** | **आवश्यक संख्या** | **बोलपत्र फारम दस्तुर रु.** | **जमानत रकम** |
|---|---|---|---|---|
| MG/G/NCB/TB NP-16/2075076 | Ambulence, Hard Top jeep (2000 cc +/- 5% ) | थान २ (दुई) | ३,०००/- | ६०,०००/- |

पित्री भक्त गिरी
नि. प्रमुख प्रशासकीय अधिकृत